भोजपुर नगरपालिका

# स्थानीय राजपत्र

खण्डः ९ | संख्याः ५ | मितिः २०८२/१०/११

भाग-२

## भोजपुर नगरपालिका

# भोजपुर नगरपालिका भाँगा खेती सञ्चालन कार्यविधि, २०८२

# भाँगा खेती सञ्चालन कार्यविधि
# २०८२

## भोजपुर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
## भोजपुर

कार्यपालिकाबाट स्वीकृत मिति :- २०८२/०९/२४
प्रमाणीकरण मिति :- २०८२/१०/११

# भागा खेती सञ्चालन कार्यविधि-२०८२

गाउँ-गाउँमा बिकृती हुने गाँजा (Cannabis) लाई थप बन्द गर्दै लागुपदार्थ नभएको स्थानीय जातको भागा स्थानीय रोजगार सृजना गर्ने उद्धेश्यले औद्योगिक उत्पादन प्रयोजनको लागि नियन्त्रित रुपमा गरिने भाङ, भागा खेती प्रशोधन तथा अध्ययन अनुसन्धान लाई नियमन तथा नियन्त्रण गर्ने सम्बन्धमा आवश्यक कानूनी व्यवस्था गर्न वान्छनिय भएकाले स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२(२) ले दिएको अधिकार प्रयोग गरी ,भोजपुर नगरपालिकाले भागा खेती सञ्चालन कार्यविधि - २०८२ बनाएको छ।

## परिच्छेद- १
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम **भागा खेती सञ्चालन कार्यविधि - २०८२** रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

**२. परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा -

(क) “अनुमतिपत्र” भन्नाले भागा खेती गर्न दफा ७ बमोजिम दिईएको अनुमतिपत्र सम्झनु पर्छ।

(ख) “अनुमतिपत्र प्राप्त व्यक्ति” भन्नाले दफा ६ बमोजिम अनुमतिपत्र प्राप्त व्यक्ति सम्झनुपर्छ ।

(ग) **“गाँजा”भन्नाले "Marijuana" वा "Weed" (बैज्ञानीक नाम Cannabis) अधिक THC (tetrahydrocannabinol) (0.3%) भन्दा बढीभयको CBD (cannabinoids) सहितको (cannabis indica)** गाँजाको बोटको पात, फूल, बिउ वा फल सम्झनु पर्छ र सो शब्दले गाँजा जातको भाँग पात, फूल, बिउ वा फल वा गाँजाको बोटबाट प्राप्त गरिएको प्राकृतिक खोटो, लिस्सा, चोव वा गाँजाको निस्सार वा निष्कर्षलाई समेत जनाउँछ ।

**(घ) भाङ वा भागा () (Cannabis sativa) (Ruderalis) भन्नाले THC को मात्रा 0.38 कम भयको वा कम गराउन सकिने** औद्योगिक कच्चापदार्थ (जरा, दाठ काण्ड, बोक्रा रेषा, पात, दाना, दानाको तेल, फल बिउ) CBD (cannabinoids) सहितको निष्कर्षलाई समेत जनाउँछ

(ङ) “तोकिएको ”वा“ तोकिए बमोजिम” भन्नाले यस कार्यविधि अन्तर्गत बनेको कार्यविधिमा तोकिएको वा तोकिए बमोजिम सम्झनुपर्छ।

(च) “निर्देशक समिति” भन्नाले दफा १२ बमोजिमको निर्देशक समिति सम्झनुपर्छ ।

(छ) “निरीक्षक” भन्नाले दफा १४ बमोजिम तोकिएको वा खटाईएको अधिकृत सम्झनु पर्छ।

(ज) स्थानीय निकाय भन्नाले भोजपुर नगरपालिका भन्ने सम्झनुपर्छ।

## परिच्छेद- २
## अनुमतिपत्र सम्बन्धी व्यवस्था

(क) यस नगरपालिकाले स्थानीय पत्रिका, website मा सूचना प्रकाशन गरी नगरपालिका भित्रको कुनै वडा टोल र स्थानीय तहको स्थानलाई औषधिजन्य प्रयोजनको लागि भागा खेती गर्न सकिने क्षेत्रको रुपमा तोक्न सक्नेछ ।

(ख) भाङ भागा खेतीको लागी सर्बसाधारण जनतालाइ उद्यमी बनाउन एक परीवार ले न्यूनतम ५ रोपनी सम्म स्थानीय निकायमा कृषि उद्योग दर्तागरी नगरपालिकाले तोकेको प्राबिधिक टोलीको निगरानीमा खेती वा लघु तथा घरेलु प्रकारको प्रशोधित युनिट राख्न सक्ने छ २० रोपनी सम्मको लागी स्थानीय तहले इजाजत दिन सक्ने छ ।

(ग) अनुमती लिएर दुई रोपनी जग्गामा नगरपालिका भित्र रही नेपालमा दर्ता भएका संघ, सस्था, सरकारी निकाय, स्कुल, कलेज, युनिभर्सिटी, समूह, क्लब, ब्यक्ति Cannabis is sativa Ruderalis को बारेमा अध्यान अनुसन्धान गर्न सकिने छ ।

(३) उपदफा (क) बमोजिम क्षेत्र तोक्दा प्रत्येक अनुमतिपत्र प्राप्त व्यक्तिले भागा खेती गर्न पाउने अधिकतम क्षेत्रफल समेत तोक्नु पर्नेछ ।

<u>४.पूर्व सहमति लिनु पर्नेः</u> (१) औद्योगिक प्रयोजनको लागि भागा खेती गर्न चाहने व्यक्तिले देहायको विवरण तथा कागजात संलग्न गरी तोकिएको निकायमा पूर्व सहमतिको लागि निवेदन दिनु पर्नेछ-

(क) भागा खेती गर्न चाहेको व्यक्तिको नाम, थर, ठेगाना र सम्पर्क नम्बर तथा कम्पनी वा फर्म भएमा सोको नाम तथा सम्पर्क व्यक्ति र सम्पर्क नम्बर,

(ख) भागा खेती गर्न चाहेको स्थान र क्षेत्रफल,

(ग) आफ्नै नाममा रहेको जग्गामा खेती गर्ने वा जग्गा भाडा वा लिजमा लिएर खेती गर्न हो सो समेत खुलेको भागा () खेती गरिने जग्गाको स्वामित्व सम्बन्धी विवरण,

(घ) भागा खेतीको लागि सम्बन्धित वार्ड बाट गरिएको सिफारिस पत्र,

(ङ) औद्योगिक मध्ये कुन कुन प्रयोजनको लागि खेती गरिने हो सो विवरण, तोकिए बमोजिमको अन्य विवरण

(च) सम्बन्धित वार्ड को दर्ताको सिफारिस

(२) उपदफा (१) बमोजिम पर्न आएको निवेदन उपर तोकिएको अधिकारीले जाँचबुझ गरी निवेदकलाई औद्योगिक प्रयोजनको लागि भागा खेती गर्नको लागि पूर्व सहमतिपत्र दिन सक्नेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि दफा ३ को उपदफा (३) बमोजिम तोकिएको क्षेत्रफल भन्दा बढी र दुई रोपनी भन्दा कम क्षेत्रफल हुने गरी भागा खेतीको लागि पूर्व सहमतिपत्र दिईने छैन।

(४) उपदफा (२) बमोजिम प्रदान गरिएको पूर्व सहमतिपत्रको अवधि एक वर्षको लागि मान्य हुनेछ र सो अवधिभित्र यस कार्यविधि बमोजिम तयार गर्नु पर्ने पूर्वाधार तयार गरी अनुमतिपत्र नलिएमा त्यस्तो पूर्व सहमतिपत्र स्वतः अमान्य हुनेछ।

<u>५. पूर्वाधार व्यवस्था गर्नु पर्नेः</u> दफा ४ बमोजिम भागा खेतीको लागि पूर्व सहमतिपत्र प्राप्त व्यक्तिले भागा खेती गरिने जग्गामा देहायको व्यवस्था गर्नु पर्नेछः-

(क) भागा खेती गरिने जग्गाको अवस्थिति मानव बस्ती भन्दा कम्तीमा एकसय मिटरको दुरीमा हुनुपर्ने छ ।

(ख) बिदेसी भागा बिउलाई भागा **खेतीको खेती गर्न पाउने छैन** ।

(ग) भागा खेतीको सुरक्षाको लागि आवश्यक हेरालुवा निगरानीको व्यवस्थाको लागि आवश्यक पूर्वाधार तयार गर्नु पर्ने छ ।

(घ) कपडा बनाउने वा त्यस्तै अन्य औद्योगिक प्रयोजनको लागि रेसा उत्पादन गर्नको लागि मात्र खेती गरिने वा खेती गरिएको स्थानमानै प्रशोधन गरिने भएमा सोको लागि पूर्वाधार गर्नु पर्ने छ ।

(ङ) भागा फसल तयार भएपछि सुरक्षित स्थानमा भण्डारण गर्नु पर्ने छ ।

६. अनुमतिपत्रको लागि निवेदन र जाँचबुझ: (१) दफा ४ बमोजिम पूर्व सहमतिपत्र प्राप्त व्यक्तिले दफा ५ बमोजिमको पूर्वाधार तयार गरेपछि देहायका विवरण तथा कागजात संलग्न औद्योगिक प्रयोजनको लागि भागा खेती गर्ने अनुमतिपत्र पाउन तोकिएको अधिकारी समक्ष तोकिए बमोजिमको ढाँचामा निवेदन दिनु पर्नेछः-

(क) अनुमतिपत्र लिन चाहेको व्यक्तिको नाम, थर, ठेगाना र सम्पर्क नम्बर तथा कम्पनी वा फर्म भएमा सोको नाम, रजिष्टर्ड कार्यालयको ठेगाना, सम्पर्क व्यक्ति र सम्पर्क नम्बर,

(ख) भागा खेती गरिने जग्गा रहेको स्थान, जग्गाको कित्ता नम्बर तथा क्षेत्रफल र चारकिल्ला खुलेको विवरण र फोटो

(ग) बस्तु उत्पादन प्रयोजनमध्ये कुन कुन प्रयोजनको लागि भागा खेती गर्न अनुमतिपत्र लिन चाहेको हो सोको व्यहोरा,

(घ) जग्गाधनिको नाम, थर ठेगाना वा निवेदकको नाममा जग्गा नरहेको भए जग्गाधनिसँग भागा खेतीको लागि कम्तीमा पाँच बर्षको लागि जग्गा लिज वा भाडामा लिएको सम्झौताको प्रतिलिपि,

(ङ) तयार भएको भागा खरिद गर्ने सुनिश्चितताको लागि परिमाण र अवधि समेत खुलेको प्रचलित कानून बमोजिम स्थापना भएका प्रसोधन उद्योग वा कपडा बनाउने वा डाँठबाट फर्निचर बनाउने जस्ता उद्योगसँग गरिएको सम्झौता भयमा सोको प्रतिलिपि,

(च) पछिल्लो दश वर्षमा लागू औषध सम्बन्धी कसूरमा सजाय नगरपालिकाएको स्वःघोषणा,

(छ) दफा ५ बोजिमको पूर्वाधार पूरा गरेको स्वःघोषणा,

(ज) तोकिए बमोजिमका अन्य विवरण तथा कागजात ।

(२) उपदफा (१) बमोजिम निवेदन दिंदा तोकिए बमोजिमको दस्तुर बुझाउनु पर्नेछ ।

**७. अनुमतिपत्र दिने:** (१) दफा ६ बमोजिम परेको निवेदन र सो साथ संलग्न कागजात तथा विवरण सम्बन्धमा तोकिएको अधिकारीले आवश्यक जाँचबुझ गर्नेछ ।

(२) उपदफा (१) बमोजिम जाँचबुझ गर्दा पेश गर्नु पर्ने कागजात वा विवरण पेश नभएको वा सो सम्बन्धमा थप जानकारी लिन आवश्यक देखिएमा निवेदन परेको सात दिनभित्र निवेदकबाट थप कागजात वा विवरण पेश गर्न वा जानकारी माग गर्न सक्नेछ ।

(३) उपदफा (१) बमोजिम जाँचबुझ गर्ने क्रममा दफा ५ बमोजिमको पूर्वाधार पूरा भए नभएको विषयमा शंका लागेमा तोकिएको अधिकारीले निरीक्षकलाई भागा खेती गर्ने स्थानको स्थलगत निरीक्षण गर्न लगाई पूर्वाधार पूरा भए नभएको प्रतिवेदन लिन सक्नेछ ।

(४) उपदफा (१) बमोजिम आवश्यक जाँचबुझ गर्दा तोकिएको अधिकारीले अनुमतिपत्र दिन उपयुक्त देखेमा तोकिए बमोजिमको दस्तुर लिई निवेदकलाई औद्योगिक प्रयोजन वा दुबै प्रयोजनको लागि भागा खेती गर्न तोकिए बमोजिमको ढाँचामा अनुमतिपत्र दिनु पर्नेछ ।

(५) अनुमतिपत्र प्राप्त व्यक्तिले यो कार्यविधि तथा यस कार्यविधि अन्तर्गत बनेको कार्यविधिमा तोकिएका शर्तहरु पालना गर्नु पर्नेछ ।

**<u>८. अनुमतिपत्र प्राप्त व्यक्तिले पालना गर्नु पर्ने शर्तहरुः</u>** अनुमतिपत्र प्राप्त व्यक्तिले देहायका शर्तहरुको पालना गर्नु पर्नेछः-

(क) यस कार्यविधि बमोजिमको पूर्वाधार व्यवस्था गरेर मात्र भागा खेती गर्नु पर्ने,

(ख) जुन प्रयोजनको लागि अनुमतिपत्र दिईएको हो सो प्रयोजन बाहेक अन्य प्रयोजनको लागि भागा खेती नगर्ने,

(ग) भागा खेती लगाएपछि फसल तयार नभएसम्म तोकिए बमोजिमको विवरण निरीक्षक समक्ष पठाउने,

(घ) कुनै कारणबाट भागा बोटमा नोक्सानी भएमा त्यसको प्रमाण सहितको जानकारी यथाशिघ्र नजिकको प्रहरी कार्यालय र निरीक्षकलाई दिने वा सम्बन्धित कार्यालयमा जानकारी दिने

(ङ) भागाको बोट तयार भएपछि त्यसलाई कटान तथा भण्डारण र बिक्री गर्दा त्यसको पूर्व जानकारी स्थानीय प्रहरी र सम्बन्धित स्थानीय तहको वडा कार्यालय र नीरीक्षकलाई गराउने,

(च) खेती लगाएको क्षेत्रफल, संभव भएसम्म वयस्क भागाको बोट अन्दाजी संख्या, खेतीबाट उत्पादन भएको भागाको परिमाण, बिक्रीको परिमाण र खरिदकर्ताको विवरण समेत खुल्ने गरी अभिलेख अद्यावधिक राख्ने,

छ) औद्योगिक प्रयोजनको लागि मात्र खेती गर्न अनुमतिपत्र पाप्त व्यक्तिले औद्योगिक प्रयोजनको लागि प्रयोग हुने भाग बाहेक अन्य भाग वा उत्पादन तोकिएको व्यक्ति र निकायको १० जना साक्षी रोहवरमा नष्ट गरी त्यसको अभिलेख राख्ने,

(ज) उब्जाएको भागा कुनै कारणले बिक्रि हुन नसकेमा गोदाम भएको खण्डमा सोको जानकारीसम्बन्धित निकायलाई दिने,

**<u>९. अनुमतिपत्रको अवधि र नवीकरणः</u>** (१)अनुमतिपत्रको अवधि यस कार्यविधिको अधीनमा रही बढीमा पाँच वर्षको हुनेछ ।

(२) भागा खेती गर्न चाहने अनुमतिपत्र प्राप्त व्यक्तिले अनुमतिपत्रको अवधि समाप्त हुनु भन्दा अगावै तोकिए बमोजिम दस्तुर बुझाई अनुमतिपत्र नवीकरण गराउनु पर्नेछ ।

(३) अनुमतिपत्र नवीकरण सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**१०. अनुमतिपत्र खारेजगर्न सकिनेः** (१) दफा ९ मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको कुनै अवस्थामा अनुमतिपत्र जारी गर्ने अधिकारीले जुनसुकै समयमा अनुमतिपत्र खारेज गर्न सक्नेछः-

(क) अनुमतिपत्र प्राप्त व्यक्तिले यो कार्यविधि वा यस कार्यविधि अन्तर्गत बनेको नियम विपरीत कुनै काम गरेमा,

(ख) अनुमतिपत्र प्राप्त व्यक्तिले पालना गर्नु पर्ने शर्तको पालना गरेको नदेखिएमा,

(ग) दफा ९ बमोजिमको अवधिभित्र अनुमतिपत्र नवीकरण नगराएमा,

(घ) नगरपालिकाबाट पूर्व स्वीकृत नलिई अनुमतिपत्र लिंदा खरिद गर्ने सम्झौता गरेको उद्योग बाहेक अन्य उद्योगलाई भागा बिक्री गरेको पाईएमा,

(ङ) भागा खेती गर्नको लागि यस कार्यविधि बमोजिम कायम गर्नु पर्ने पूर्वाधार कायम गरेको नदेखिएमा,

(च) यो कार्यविधि तथा यस कार्यविधि अन्तर्गत बनेको कार्यविधिमा बमोजिम राख्नु पर्ने बिक्री वितरणको अभिलेख नराखेमा वा त्यस्तो अभिलेख अनुमतिपत्र जारी गर्ने अधिकारी वा निरीक्षकले मागेको बखत उपलब्ध नगराएमा,

(छ) अनुमतिपत्र प्राप्त व्यक्तिले त्यस्तो अनुमतिपत्र खारेज गर्नको लागि निवेदन दिएमा ।

(२) उपदफा (१) बमोजिम अनुमतिपत्र खारेज गर्नु अघि सम्बन्धित अनुमतिपत्र प्राप्त व्यक्तिलाई आफ्नो सफाई पेश गर्ने मनासिब मौका दिनु पर्नेछ ।

तर सो उपदफाको खण्ड (छ) बमोजिमको अवस्थामा त्यस्तो मौका दिई रहनु पर्ने छैन ।

(३) उपदफा (१) बमोजिम अनुमतिपत्र खारेज गरेकोमा चित्त नबुझ्ने व्यक्तिले खारेज गर्ने निर्णय भएको मितिले पैंतिस दिनभित्र नगरपालिकामा उजूरी दिन सक्नेछ र त्यसरी परेको उजूरीमा नगर कार्यपालिकाबाट भएको निर्णय अन्तिम हुनेछ।

**११. अर्को उद्योगलाई बिक्री गर्न सक्ने:** अनुमतिपत्र प्राप्त व्यक्तिले उत्पादन गरेको भागा कुनै कारणबाट निजसँग खरिद गर्ने सुनिश्चितता गरेको उद्योगले खरिद गर्न नसक्ने अवस्था भएमा अनुमतिपत्र प्राप्त व्यक्तिले आफूले लगाएको भागा नगरपालिकाबाट स्वीकृति लिएर प्रचलित कानून बमोजिम स्थापना भएको अर्को उद्योगलाई बिक्री गर्न सक्नेछ ।

## परिच्छेद- ३

## निर्देशक समिति, निरीक्षक तथा अन्य संस्थागत व्यवस्था

**१२. निर्देशक समिति सम्बन्धी व्यवस्था:** (१) अनुमतिपत्र प्राप्त व्यक्तिबाट गरिने भागा खेतीको अनुगमन तथा निर्देशन सम्बन्धी काम समेतको लागि देहाय बमोजिमको एक निर्देशक समिति रहनेछः-

**१३. नगरपालिका वा नगरसभा निर्णयले प्राबिधिक सहितको समिति अनुगमन, ब्याबस्थापन, सिफारीस समिती गठन गर्ने छ**

क. प्रमुख - नगर प्रमुख वा उप-प्रमुख १

ख. उप प्रमुख - सम्बन्धित वडाका वडा अध्यक्ष मध्येबाट १

ग. सदस्य- कार्यालय प्रमुख वा निजले तोकेको कर्मचारी १ जना

घ. सदस्य- जिल्ला प्रहरी कार्यालयले खाटाएको प्रतीनिधि १ जना

ङ. सदस्य-कार्यपालिकाले तोकेको वडा अध्यक्ष १ जना

च. सदस्य-नगरपालिका स्तरीय कृषि विज्ञ मध्येबाट १ जना

छ. सदस्य सचिव-नगरपालिकाले तोकेको कर्मचारी वा निरिक्षक १ जना

(२) निर्देशक समितिको बैठक आवश्यकता अनुसार बस्नेछ ।

(३) निर्देशक समितिको अध्यक्षले तोकेको मिति, समय र स्थानमा सो समितिको बैठक बस्नेछ ।

(४) निर्देशक समितिको बैठक बस्नु भन्दा कम्तीमा चौबीस घण्टा अगावै बैठकमा छलफल हुने विषयको कार्यसूची सहितको सूचना सदस्य-सचिवले निर्देशक समितिका सदस्यहरुलाई दिनेछ ।

(५) निर्देशक समितिको कुल सदस्य संख्याको पचास प्रतिशतभन्दा बढी सदस्यहरु उपस्थित भएमा निर्देशक समितिको बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ।

(६) निर्देशक समितिको बैठकको अध्यक्षता सो समितिको अध्यक्षले गर्ने छ ।

(७) निर्देशक समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा अध्यक्षले निर्णायक मत दिनेछ ।

(८) निर्देशक समितिको बैठकको निर्णय निर्देशक समितिको अध्यक्ष र सदस्य सचिवले प्रमाणित गरी राख्नेछ।

(९) निर्देशक समितिले आवश्यक ठानेमा कुनै विशेषज्ञ वा पदाधिकारीलाई सो समितिको बैठकमा पर्यवेक्षकको रुपमा भाग लिन आमन्त्रण गर्न सक्नेछ ।

(१०) निर्देशक समितिको बैठक सम्बन्धी अन्य कार्यविधि सो समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ ।

__१३. निर्देशक समितिको काम, कर्तव्य र अधिकारः__ निर्देशक समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) भागा खेती गर्ने वडा र टोलको पहिचान तथा क्षेत्र निर्धारणको लागि सम्बन्धित निकायलाई निर्देशन दिने,

(ख) भागा खेतीलाई व्यवस्थित र नियन्त्रित गर्ने सम्बन्धमा यो कार्यविधि तथा यस कार्यविधि अन्तर्गत बनेको कार्यविधिमा कार्यान्वयनको सम्बन्धमा कुनै समस्या वा द्विविधा भएका सो समस्याको समाधान गर्ने,

(ग) भागा खेतीबाट भएको बस्तुको उत्पादनलाई सकेसम्म नगरपालिका भित्र प्रशोधन गरी उपभोग्य वस्तु उत्पादनको लागि प्रोत्साहन गर्न आवश्यक नीतिगत तथा कानूनी व्यवस्था मिलाउन आवश्यक समन्वय, सहजीकरण र पहल गर्ने,

(घ) भागा खेती तथा त्यसको बिक्रीको अनुगमन तथा निरीक्षण गर्ने, गराउने,

(ङ) अनुमतिपत्र पाप्त व्यक्तिले बिक्री गरेको भागा खरिद गर्ने उद्योगले त्यसतो भागा आफ्नो उद्योगसम्म ढुवानीमा समन्वयगर्ने तथा सुरक्षाको व्यवस्था गर्न लगाउने,

(च) भागा उपभोग तथा यसले पार्ने प्रभावको बारेमा सचेतना कार्यक्रम सञ्चालन गर्ने,

(छ) संघिय कार्यविधिको प्रतिकुल हुने गरी गरिएको भागा खेती नष्ट गर्न निर्देशन दिने,

(ज) निरीक्षकको काम कारबाहीको सम्बन्धमा निरीक्षकलाई आवश्यक निर्देशन दिने,

(झ) भागा खेती गरे वापत बुझाउनु पर्ने रोयल्टीको दर निर्धारण गर्न सिफारिस गर्ने,

(ञ) अनुमतिपत्र प्राप्त व्यक्तिलाई भागा खेतिको लागि आवश्यक प्राविधिक सहयोग उपलब्ध गराउन समन्वय गर्ने तथा सम्बन्धित निकायलाई निर्देशन दिने,
ट) भागा खेती तथा यसको उत्पादन तथा बिक्री वितरणको अनुगमन तथा निरीक्षण गर्ने,
(ठ) तोकिए बमोजिमको अन्य काम गर्ने गराउने ।

**१४. निरीक्षक सम्बन्धी व्यवस्थाः** अनुमतिपत्र प्राप्त व्यक्तिले यस कार्यविधि बमोजिम पालना गर्नु पर्ने शर्तहरु पालना वा पूरा गरे वा नगरेको सम्बन्धमा निरीक्षण गर्ने काम नगरपालिकाले तोकेको कर्मचारी वा निरिक्षकले हेर्ने छ र प्रविधिको प्रयोग द्वारा पनि निरिक्षण गर्न सकिने छ ।

**१५. निरीक्षकको काम, कर्तव्य र अधिकारः** (१) यो कार्यविधिमा अन्यत्र लेखिएका काम, कर्तव्य र अधिकारका अतिरिक्त निरीक्षकको अन्य काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-
(क) अनुमतिपत्र प्राप्त व्यक्तिले यो कार्यविधि तथा यस कार्यविधि अन्तर्गत बनेको कार्यविधिमा बमोजिम पालना गर्नु पर्ने शर्त पालना भए नभएको नियमित रुपमा अनुगमन तथा निरीक्षण गर्ने,
(ख) अनुगमन तथा निरीक्षणको क्रममा यो कार्यविधि तथा यस कार्यविधि अन्तर्गत बनेको कार्यविधिमा बमोजिम पालना गर्नु पर्ने शर्त पालनागरेको नगरपालिकाईएमापहिलो पटक र सामान्य अवस्था भएमा पालनागर्नलगाउने तथा शर्तको गम्भीर र पटक पटक उल्लघंन गरेको देखिएमा अनुमतिपत्र खारेजीको लागि सिफारिस गर्ने,
(ग) गुणस्तरिय उत्पादनको लागि भागा कोखेतीको लागि उपयुक्त बिउ खेतीको तरिका तथा फसल स्याहार्ने अवधि वा समयको बारेमा अनुमतिपत्र प्राप्त व्यक्तिलाई आवश्यक प्राविधिक सल्लाह दिने,
(घ) अनुगमन तथा निरीक्षणको क्रममा अनधिकृत रुपमा भागा खेती गरेको वा बिक्रि गरेको पाईएमा नगरपालिकालाई जानकारी गराई स्थानीय सुरक्षा निकायको सहयोगमा नष्ट गर्ने गराउने,
(ङ) अनुमतिपत्र प्राप्त व्यक्तिलाई निजबाट उत्पादन भएको भागा अनधिकृतरुपमा प्रयोग हुन नदिन सतर्कता अवलम्बन गर्न सुझाब दिने,
(च) अनुमतिपत्र प्राप्त व्यक्तिले यो कार्यविधि तथा कार्यविधिमा बमोजिम राख्ने अभिलेख राखे नराखेको जाँच गर्ने,
(छ) अनुमतिपत्र प्राप्त व्यक्तिबाट भागा स्याहार्दा वा नष्ट गर्दा रोहबरको लागि अनुरोध भई आएमा आफ्नो रोहबरमा त्यस्तो कार्य गर्न लगाई सोको प्रतिवेदन नगरपालिकालाई पठाउने,
(ज) आफूलाई तोकिएको कार्यक्षेत्रमा अनुमतिपत्र प्राप्त व्यक्तिबाट गरिएका भागा खेती सम्बन्धी प्राप्त विवरण तथा अभिलेख एकीकृत र अद्यावधिक गरी मासिक रुपमा नगरपालिकालाई पठाउने ।
(३) उपदफा (२) बमोजिम निरीक्षण गर्दा कुनै अनुमतिपत्र प्राप्त व्यक्तिले यस कार्यविधि बमोजिम हुनु पर्ने पूर्वाधार नभएको वा पटक पटक पालना गर्नु पर्ने शर्तको पालना नगरेको अवस्था देखिएमा निरीक्षकले त्यस्तो अनुमतिपत्र प्राप्त व्यक्तिको अनुमतिपत्र खारेज गर्ने कारबाहीको लागि सम्बन्धित निकायमा सिफारिस गर्न सक्नेछ ।
(४) यस कार्यविधिमा लेखिए देखि बाहेक निरीक्षकको अन्य काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

**<u>१६. नियमन तथा नियन्त्रणको लागि बेग्लै निकाय स्थापना गर्न सक्नेः</u>** (१) लगातार पाँच वर्षसम्म तोकिएको क्षेत्रफल भन्दा बढी क्षेत्रफलमा भागा खेती हुने गरी यसको व्यावसायिक खेती तथा उपयोग हुने अवस्था भएमा खेतीको नियमन तथा नियन्त्रणको लागि बेग्लै निकायको र भागा आवश्यकता छ भन्ने नगरपालीकालाई लागेमा सुचना पाटीमा सूचना प्रकाशन गरी निर्देशक समितिको अन्तर्गत रहने गरी बेग्लै निकायको गठन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको निकाय गठन भएपछि यस कार्यविधि बमोजिम भागा अनुमतिपत्र जारी गर्ने, खारेजी गर्ने तथा गाँजाको नियमन सम्बन्धी कार्य सोही निकायबाट गरिनेछ ।

(३) उपदफा (१) बमोजिमको निकायमा रहने संगठन संरचना तथा अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**१७. स्थानीय निगरानी समिति रहनेः (१)** भागा खेतीको लागि अनुमतिपत्र प्रदान गरिएको स्थानीय तहमा भागा खेतीको निगरानी तथा अनुगमन समेतको लागि देहाय बमोजिमको स्थानीय निगरानी समिति रहनेछः-

(क) सम्बन्धित स्थानीय तहको कृषि महाशाखाको प्रमुख - संयोजक

(ख) प्रतिनिधि, स्थानीय तहको प्रहरी कार्यालय - सदस्य

(ग) सम्बन्धित स्थानीय तहभित्रका समाजसेवी मध्येबाट स्थानीय तहको कार्यपालिकाबाट मनोनित कम्तीमा

एक जना महिला सहित दुइजना - सदस्य

घ) स्थानीय तहको कृषक प्रतिनिधि एक जना -सदस्य

(२) उपदफा (१) बमोजिमको स्थानीय निगरानी समितिको बैठक, काम कर्तव्य र अधिकार तथा तत् सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद- ४

## कसूर र सजाय सम्बन्धी व्यवस्था

१८. कसूर गरेको मानिने. (१) कसैले देहायको कुनै काम गरेमा यस कार्यविधिबमोजिको कसूर गरेको मानिनेछः-

(क) अनुमतिपत्र प्राप्त नगरी भागा खेती गरेमा वा अनुमतिपत्रमा उल्लेख गरिएको जग्गा भन्दा फरक जग्गा र अनुमतिपत्रमा उल्लेख भएको क्षेत्रफल भन्दा बढी क्षेत्रफलमा भागा खेती गरेमा,

(ख) यस कार्यविधि विपरित अन्य कसैलाई भागा बक्री वितरण गरेमा

(ग) यस कार्यविधि बमोजिम राख्नु पर्ने विवरण वा अभिलेख नराखेमा वा समय समयमा यस कार्यविधि बमोजिम पठाउनु पर्ने विवरण सम्बन्धित निकाय वा अधिकारीलाई नपठाएमा,

(घ) यो कार्यविधि वा यस कार्यविधि अन्तर्गत बनेको कार्यविधि विपरित अन्य कुनै काम गरेमा ।

(२) उपदफा (१) को खण्ड (क) वा (ख) बमोजिमको कसूर गरेमा लागू औषध (नियन्त्रण) कार्यविधि, २०३३ बमोजिम सजाय हुनेछ ।

(३) उपदफा (१) को खण्ड (ग) वा (घ) बमोजिमको कसूर गरेमा निरीक्षकको प्रतिवेदनको आधारमा कसूरको प्रकृति हेरी पाँच हजार रुपैंयाँ देखि पचास हजार रुपैयाँसम्म जरिवाना गर्न सक्नेछ ।

**१९. अनुसन्धान तथा तहकिकातको लागि लेखी पठाउनेः** कसैले दफा १८ को खण्ड (क) वा (ख) बमोजिमको कसूर गरेको देखिएमा वा जानकारीमा आएमा निरीक्षकले उपलब्ध भएसम्मको जानकारी संलग्न गरी त्यस्तो व्यक्तिलाई लागू औषध (नियन्त्रण) कार्यविधि, २०३३ बमोजिम अनुसन्धान तथा तहकिकातको लागि सम्बन्धित नियकायमा लेखी पठाउने छ।

## परिच्छेद-५

## विविध

**२०.जग्गाको हदबन्दी सम्बन्धी व्यवस्थाः** यस कार्यविधि बमोजिम अनुमतिपत्र प्राप्त व्यक्तिले भागा खेतीको लागि उपयोग गर्ने जग्गाको हदबन्दीको विषयमा प्रचलित कानून बमोजिम कृषि तथा वन पैदावारमा आधारित उद्योगले पाए सरह छुट हुनेछ ।

**२१. प्रचलित कानून बमोजिम हुनेः** भागा वा भागा बाट उत्पादन उपयोगका कपडा लगायतका उत्पादनका वस्तुहरुको निकासी तथा बिक्री सम्बन्धी व्यवस्था प्रचलित कानून बमोजिम हुनेछ ।

**२२. कृषि आयको रुपमा कर लगाउनेः** यस कार्यविधि बमोजिम अनुमतिपत्र प्राप्त व्यक्तिले भागा खेतीबाट गरेको आयमा नगरपालिकाको प्रचलित आर्थिक कानूनमा निर्धारण भए बमोजिमको कृषि आयको रुपमा कर बुझाउनु पर्नेछ ।

**२३. नियम बनाउने अधिकारः** यस कार्यविधिको उद्देश्य कार्यान्वयन गर्न आवश्यक नियम बनाउन सक्नेछ ।

**२४. यो नगरपालीकाले निम्न बमोजिम सेवा - शुल्क लिने छ**

(क) भागा सुकेको डण्डी प्रति किलो रु.१.००

(ख) भागा सुकेको रेशा प्रति किलो रु.५.००

(ग) भागा धागो प्रति किलो रु.१०.००

(घ) भागा कपडा प्रति किलो रु.२०.००

(ङ) भागा सुकेको दाना वा बिउ प्रति किलो रु.१०.००

(च) भागा सुकेको कलिलो पात वा चिया प्रति किलो रु. १०.००

(छ) भागा सुकेको जरा प्रति किलो रु.१.००

**आज्ञाले**

श्री नाथु साह

प्रमुख प्रशासकीय अधिकृत